# गण्डकी प्रदेश राइड सेयरिङ(नियमन र व्यवस्थापन) नियमावली,२०८२ का सम्बन्धमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको धारणा

(मिति २०८२ साल जेठ १८ गते)

सर्वप्रथम गण्डकी प्रदेश सरकारद्वारा गठन गरिएको यातायात व्यवसायीसँग वार्ता गर्न गठित वार्ता समितिद्वारा आयोजित यस **गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली,२०८२ का सम्बन्धमा मन्त्रालयको धारणा सार्वजनिकिकरण कार्यक्रम**मा उपस्थित यहाँहरु सवैलाई समितिको संयोजकको तर्फवाट हार्दिक स्वागत गर्दछु। प्रदेश सरकारले राईड सेयरिङ सम्बन्धी नियमावली जारी भईसकेपछिको विकसित घटनाक्रमलाई मध्येनजर गर्दै यस सम्बन्धमा मन्त्रालयको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्न यो कार्यक्रम आयोजना गरिएको हो।

## पृष्ठभूमि,

राइड सेयरिङ सेवा विश्वमा सन् २००९ पश्चात शहरी क्षेत्रमा यातायात व्यवस्थापनलाई सरल, सुलभ र प्रभावकारी वनाउन विकास भएको अनलाइन प्रणालीमा आवद्व लोकप्रिय सेवा हो। यो सेवा हाम्रा छिमेकी देश भारत, बंगलादेश लगायत विश्वका करिब १०० देशमा वैधानिक हिसावले सञ्चालन भइरहेको छ। नेपालमा सन् २०१६ बाट सञ्चालनमा आएको भए तापनि विभिन्न कारणले यस सेवाले कानूनी मान्यता पाउन सकेको थिएन। हाल गण्डकी प्रदेश सरकारले यो सेवालाई नेपालमा नै पहिलो पटक कानुनी मान्यता दिई गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ जारी गरेको छ। नियमावली जारी भएपश्चात् आम नागरिक तथा राइड सेयरिङ सेवा प्रदायकले नियमावलीको स्वागत गरेको अवस्था छ भने यातायात व्यवसायीले विरोध गरी मन्त्रालयमा दुई बुँदे मागसहित ज्ञापनपत्र दिएको अवस्था छ । यी मागका सन्दर्भमा छलफल गरी निकास निकाल्न मन्त्रालयले सचिवको नेतृत्वमा अधिकार सम्पन्न पाँच सदस्यीय वार्ता समिति गठन गरेको छ । वार्ता समितिले २०८२।०२।१३ गते नै सम्बन्धित यातायात व्यवसायीको संस्थालाई पत्राचार गरी १४ गते दिनको १:०० बजे वार्तामा बोलाएकोमा व्यवसायीले ७ बुँदे माग सहित पत्रको जवाफ पठाएको तर वार्ता समिति गठन गरी वार्ताका लागि तयार भएको अवस्था छैन।

## राईड सेयरिङ्ग नियमावलीको सैद्वान्तिक तथा कानूनी आधार,

- २०७६ फागुन २९ गते सम्मानित उच्च अदालत पाटनवाट ट्याक्सी व्यवसायी सघंले दायर गरेको रिटमा सुनुवाई गर्दै तत्काल राईड सेयरिङ सेवालाई नरोक्न र आवश्यक कानून बनाएर

सञ्चालन गर्न दिन निर्देशानात्मक आदेश जारी भएको छ । त्यसै गरी सम्मानित सर्वोच्च अदालतले २०७५।१०।२८ मा पठाओलाई बन्द गर्नका लागि परेको रिटको फैसलाको पूर्णपाठ २०८१।३।१३ मा पठाओ वा राइड सेयरिङलाई बन्द नगर्न, तत्काल कानुनी प्रबन्ध गर्नका लागि निर्देशात्मक आदेश जारी गरेको छ । त्यसै गरी सम्मानित सर्वोच्च अदालतवाट २०७८ भाद्र ३ मा गरेको रिट नं ०७५-WO-०७६४ को पे वाइक सेवालाई नरोक्नको लागि अर्को आदेश जारी भएको छ । उल्लेखित अदालतका फैसला तथा निर्देशनात्मक आदेशहरु कार्यान्वयनका लागि नीति तथा कानून निर्माण गर्न यातायात व्यवस्था विभागले सूचना तथा पत्राचार गरेको छ ।

- त्यसैगरी, नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रीज्यूको अध्यक्षतामा बसेको सातै प्रदेशका यातायात मन्त्रीहरुको संघ, प्रदेश तथा स्थानिय तह(समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिको २०८१।०४।३२ र २०८१।११।२० को वैठकले प्रदेश सरकारले आवश्यक कानून वनाइ राईड सेयरिङलाई व्यवस्थापन गर्ने निर्णय गरेकोले पनि गण्डकी प्रदेश सरकारले यस सम्बन्धी नियमावली जारी गरेको छ ।
- नेपाल सरकारले २०८०/१०/१८ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को संशोधन गरी राईड सेयरिङ सेवा थप गरेको र सो बमोजिम राईड सेयरिङ् सेवा प्रदायक सेवा उद्योगका रुपमा दर्ता भएका छन्। यसरी उद्योगको रुपमा दर्ता भएका सेवा प्रदायकहरु यातायात सम्बन्धी कानूनको अभावमा यातायात सेवा दिने अनुमति नपाएको अवस्थामा रहेको थियो।
- त्यसैगरी, गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३ को उपदफा (४) मा निजी प्रयोजनका लागि दर्ता भएका सवारी साधनले आवश्यक प्रकृया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसार पसार सक्ने व्यवस्था गरेको छ । ऐन वनेको ६ वर्ष सम्म पनि सो सम्बन्धी नियम नबनाउँदा प्रदेश सरकारको कामकारवाही प्रति नै नागरिकस्तरवाट गुनासो आउने गरेको छ। एकातर्फ राइड सेयरिङ प्रयोग गर्ने यात्रुको सुरक्षाको प्रभावकारी रुपमा प्रवन्ध गर्नुपर्ने तथा तोकिएको भाडादर लागू गरी नागरिकको गुनासो सुनुवाई गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ सरकारको करोडौको राजस्व गुमिरहेको अवस्था विद्यमान रहेको छ । यस कारण गण्डकी प्रदेश सरकारले यस सेवालाई जनभावना अनुसार व्यवस्थित र नियमन गर्न खोजेको हो। यस नियमावलीको मस्यौदा तयारीको चरणमा मन्त्रालयमा यातायात व्यवसायी लगायतका सरोकारवालाहरुसँग पटक पटक छलफल गरी उहाँहरुका सुझावहरु समेत समावेश गरी नियमावली जारी गरिएको व्यहोरा समेत सवैमा जानकारी गराउछौं।

- संविधानले यातायात क्षेत्रको अधिकार प्रदेश सरकारलाई दिएको तथा नेपालको संविधानको धारा ३०४(१) को प्रतिबन्धात्मक वाक्यांशमा **यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ** भन्ने व्यवस्था रहेकोले प्रदेश सरकारले जारी गरेको ऐनमा भएका व्यवस्थाहरु संघ सरकारको मौजुदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली २०५४ सँग बाझिएको हदसम्म आकर्षित नहुने देखिन्छ। यसका अलावा माथि उल्लेखित अदालतका आदेशको मर्म अनुसार पनि मौजुदा संघीय ऐनको व्यवस्था यथावत रहदा रहदैं पनि राइड सेयरिङ सम्बन्धी नियमावली जारी गरि लागू गर्नु भन्ने रहेको छ।

**<u>गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ का मुख्य व्यवस्थाहरु,</u>**

- यस नियमावलीमा राइड सेयरिङ सेवामा आवद्ध हुने सवै प्रकारका सवारी साधनले अनलाइन प्रणालीमा आबद्व भई आवश्यक प्रक्रिया पुरा गरी यात्रु, तेस्रो पक्ष र सवारी साधनको बीमा गरी, सवारी जाचँपास नियमित रुपमा गरी सरकारले तोकेको शुल्क र संकेत राखी सरकारले तोकेको भाडा लिई मात्र यात्रु ओसार पसार गर्ने पाउने व्यवस्था गरिएको छ। साथै, दर्ता शुल्कमा सार्वजनिक सवारी साधनलाई छुट दिने व्यवस्था समेत गरिएको छ। राइड सेयरिङका लागि RS र सेल्फ ड्राइभिङको लागि SD संकेत राखी सवारी दर्ता प्रमाणपत्र (ब्लु वुक)मा एक पटकमा वढीमा एक वर्षका लागि राइड सेयरिङ र सेल्फ ड्राइभको निस्सा प्रदान गर्ने व्यवस्था छ । माथिका प्रक्रिया पुरा नगर्नेलाई कारवाहीको व्यवस्था समेत गरिएको छ।
- यस नियमावली लागू हुने मोटरसाइकल/स्कुटर र चार पाङ्ग्रे कारमा मात्र हो। दुई पाङ्गे सवारी साधनले २० कि. मी. भन्दा लामो दुरीमा यात्रा गर्न नमिल्ने व्यवस्था गरिएको छ भने सवै प्रकारका सवारी साधनको हकमा क्षेत्र तोकि रुट दिने व्यवस्था गरिएको छ ।
- पुरानो सवारी साधनलाई यस सेवामा निरुत्साहित गर्नका लागि दुई पाङ्ग्रे पेट्रोलियम सवारी साधनका लागि दश वर्ष तथा चार पाङ्ग्रे पेट्रोलियम सवारी साधनको लागि पन्ध्र वर्ष पुरा नभएका सवारी साधन मात्रै सञ्चालन गर्न पाउने व्यवस्था गरिएको छ।
- बीमा, हेल्मेट लगायतका व्यवस्थाद्धारा यात्रु सुरक्षाको पूर्ण रुपमा प्रत्याभूत गरिएको छ। गुनासो व्यवस्थापनका लागि सेवा प्रदायकले चौबिसै घण्टा खुल्ने गुनासो व्यवस्थापन केन्द्र राख्ने व्यवस्था गरिएको छ।
- राईड सेयरिङ सेवालाई सुरक्षित बनाउने गरी एपमा हुनुपर्ने न्युनतम विशेषता उल्लेख गरिएको छ।

- मन्त्रालयका सचिवको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था छ।
- यातायात सेवाको आधार भाडादर मन्त्रालयले तोके बमोजिम हुने, राईड सेयरिङ एप प्रयोग गरे वापत सेवाप्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट प्रति कारोवार उल्लेख भएको रकमको बढीमा बाह्र प्रतिशत सेवा शुल्क लिन सक्ने तथा प्रदेश सरकारको कोषमा प्रति कारोवार एक प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।
- अधिकतम् बाह्र घण्टा भन्दा बढी समय काम गर्न नपाउने व्यवस्था छ।
- राईड सेयरिङ सेवा मिनि बस, नगर बस, ठुला बस तथा ट्रकहरुका लागि आकर्षित हुँदैन।
- यातायात क्षेत्रका मजदुरहरुलाई सेवाप्रदायकले अनिवार्य सामाजिक सुरक्षामा कोषमा आवद्ध गर्नुपर्ने व्यवस्था नियमावलीले गरेको छ ।

यस नियमावलीको कार्यान्वयनवाट सवै पक्षलाई फाइदा हुने प्रदेश सरकारले अपेक्षा गरेको छ। अनलाइन प्रणालीमा सञ्चालन हुदाँ टयाक्सीलाई यात्रु कुरेर वस्नु पर्ने तथा एकतर्फी रुपमा मात्र यात्रु वोक्नुपर्ने वाध्यता हट्नुका साथै नागरिकलाई पनि सरल र सुलभ रुपमा सुरक्षित यात्राको प्रत्याभुति हुनेछ। राइड सेयरिङ नियमावली मार्फत हजारौं युवाहरुलाई स्वरोजगारको अवसर समेत सृजना हुने देखिन्छ।

**अन्त्यमा,** कानून जनताको आवश्यकता र माग अनुसार समयानुकुल परिवर्तन हुन सक्ने गतिशिल दस्तावेज हो। प्रदेश सरकारले जारी गरेको कानूनवाट कुनै पनि पक्षलाई असर पर्न गएको अवस्थामा उक्त कानूनका सम्बन्धमा खुला रुपमा छलफल गर्न प्रदेश सरकार सदैव तयार रहेको छ।प्रदेश सरकारले यस्ता समस्याहरुको निराकरण छलफलवाट नै हुने कुरामा विश्वास राख्दछ। त्यसकारण हालै जारी भएको गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली,२०८२ को सन्दर्भमा यातायात व्यवसायीसँग वार्ता गर्न सरकारले भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा अधिकारसम्पन्न ५ सदस्यीय वार्ता टोली गठन गरेको छ । यसर्थ हाल भइरहेका वन्द हड्तालका कार्यक्रम स्थगित गरी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासघंलाई वार्तामा आउन प्रदेश सरकार यसै कार्यक्रममार्फत पुनः आव्हान गर्दछ।

धन्यवाद।

(ई. कमल कुमार अधिकारी)
प्रदेश सचिव एंव वार्ता समिति संयोजक
गण्डकी प्रदेश सरकार